भगवतीमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

# भगवतीमाई गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय वेस्तडा, दैलेख

कर्णाली प्रदेश, नेपाल

## शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति : (२०७८/०१/२२ गते)

१. यस कार्यालयको आर्थिक वर्ष २०७७०७८ को स्वीकृत बार्षिक कार्यक्रमअनुसार देहायमा उल्लेखित निर्माण कार्यहरु शिलबन्दी दरभाउपत्रको माध्यमबाट गराउनु पर्ने भएकोले इजाजतपत्र प्राप्त ईच्छुक निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रहि रित पूर्वकको E –bid तथा Hard-Copy मार्फत शिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ ।

२. सुचना प्रकाशित भएको मितिले १५ औं दिनभित्र कार्यालय समयमा नविकरण भएको इजाजतपत्र, मूल्यअभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.व. २०७६/०७७ सम्मको कर चुक्ता प्रमाण-पत्र, अन्य ठेक्का सम्वन्धी कागजात सहितको प्रमाणित प्रतिलिपिहरु संलग्न साथ तपसिलमा उल्लेखित रकम (पछि फिर्ता नहुने गरी) वुझाई विद्युतिय संचारको माध्ययमवाट सार्वजनिक खरिद अनुगमन कार्यालयको Double portal (www.ppmo.gov.np) मा गई शिलबन्दी दरभाउपत्र फाराम Download गरि E –biding द्वारा वा कार्यालयबाट खरिद भएको दरभाउपत्र कार्यालयमा दाखिला गर्न सकिनेछ ।

३. दरभाउपत्रको प्रत्येक पानामा सहिछाप गरी देहाय वमोजिमको कार्यको लागि निम्नानुसारको धरौटी रकम वापत दरभाउपत्र साथ कम्तिमा ७५ दिन म्याद भएको जमानीपत्र (विड वण्ड) वा यस कार्यालयको नाममा प्रभु बैक भगवतीमाई शाखामा रहेको धरौटी खाता नं. ग ३.१ १५१०१०९३२८८०००४१ धरौटी वापतको रकम जम्मा गरेको बैङ्क भौचर Scan copy समेत दरभाउपत्र साथ पेश गरी E –biding द्वारा वा कार्यालयमा दर्ता गर्नु पर्नेछ । थप जानकारीको लागी आवश्यक भएमा कार्यालय समयमा यस कार्यालयको पुर्वाधार शाखामा सम्पर्क राख्न सकिनेछ । बोलपत्र साथ तल तोकिएको दरभाउपत्र दस्तुर वापतको रकम यस कार्यालयको प्रभु बैकको शाखामा रहेको संचित खाता नं. ग १.१ १५१०१०९३२८८०००९१ मा जम्मा गरेको बैङ्क भौचरको Scan copy समेत दरभाउपत्र साथ पेश गर्नुपर्नेछ । दरभाउपत्र स्वीकृत भएपछि आफूले कवोल गरेको अंकको ५ प्रतिशतले हुने रकम तथा १५ प्रतिशत भन्दा वढि घटेकोमा घटी कवोल अंक को ५० प्रतिशतमा ५ प्रतिशत थप गरी सोही धरौटी खातामा जम्मा गरेको बैङ्क भौचर वा घटीमा सम्झौता म्याद समाप्त हुने मितिले १३ महिना (३९० दिन) म्याद भएको कार्य सम्पादन बैङ्क जमानीपत्र (परफरमेन्स वण्ड) पेश गर्नु पर्नेछ ।

४. प्रथम पटक सूचना प्रकाशित मितिले १६ औं दिन दिनको १२.०० वजे भित्र E –biding द्वारा वा कार्यालयमा दरभाउपत्र पेश गर्नु पर्ने छ । दरभाउपत्र खरिद तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएको खण्डमा उक्त दिनको लगतै कार्यालय खुलेको दिन सोही समय भित्र खरिद र दाखिला गर्न सकिने छ ।

५. दर्ता भएको दरभाउपत्र १६ औं दिनको २.०० वजे यस कार्यालयमा दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

६. दरभाउपत्रको दररेट आइटममा अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ ।

७. दरभाउपत्रदाताले E- Biddding बाट एक पटक पेश गरेको दरभाउपत्र फिर्ता लिन वा संशोधन गर्न चाहेमा उक्त कार्य E-bidding प्रकृयाबाटै गर्नुपर्ने छ र HARD COPY मार्फत दरभाउपत्र पेश गर्ने दरभाउपत्रदाताले फिर्ता वा संशोधन गर्न चाहेमा २४ घण्टा अगावै निवेदन दिनुपर्नेछ।

८. E- Biddding मार्फत दरभाउपत्र पेश गर्ने दरभाउपत्रदाताहरुको कार्यालयबाट दरभाउपत्र सम्बन्धी कागजातको सक्कलप्रति (HARD COPY)माग भएमा यस कार्यालयमा पेश गर्नुपर्ने छ ।

९. दरभाउपत्र पेश गर्ने निर्माण व्यवसायीले लेटर अफ विड अनिवार्य रुपमा भर्नु पर्ने छ र आफु यो काम गर्न योग्य छु भनि स्वःघोषणा पत्र अनिवार्यरुपमा पेश गर्नु पर्नेछ ।

१०. दरभाउपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

११. यसमा उल्लेख भएकोमा यसै वमोजिम र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४, संशोधन सहित र अन्य प्रचलित ऐन कानुन अनुसार हुनेछ ।

१२. अन्य कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिने छ ।

| ठेक्का नं. | कामको विवरण | ल.ई. रकम( भ्याट र कन्टीन्जेन्सि वाहेक) | बोलपत्र फाराम दस्तुर रु. | जमानत रकम रु. |
|---|---|---|---|---|
| BRM/RCW/SQ/20/077/078 PACKAGE-1 | वाईचिपिन- दुनिपाटा सडक निर्माण | १७६७९१३.५० | १000.00 | ५७०००। |
| BRM/RCW/SQ/21/077/078 PACKAGE-2 | वाईचिपिन- दुनिपाटा सडक निर्माण | १७६७३५६.४० | १000.00 | ५७०००। |
| BRM/RCW/SQ/22/077/078 PACKAGE-3 | वाईचिपिन- दुनिपाटा सडक निर्माण | १७६७६२२.३८ | १000.00 | ५७००० |
| BRM/RCW/SQ/23/077/078 PACKAGE-4 | वाईचिपिन- दुनिपाटा सडक निर्माण | १५६०७७९.६५ | १000.00 | ५२००० |

प्रमुख प्रशासकीय अधिकृत